मिक्वाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०८०/०२/१० बैठक सङ्ख्याः १३

बैठक प्रारम्भ समयः १२:०० बजे अपरान्ह बैठक समापन समयः ०५:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| 1. | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| 2. | श्री केशव शरण अधिकारी | शिक्षा शाखा प्रमुख | | |
| 3. | श्री प्रशान्त खतिवडा | लेखापाल | | |
| 4. | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| 5. | श्री महेन्द्र अधिकारी | पशुशाखा प्रमुख | | |
| 6. | श्री लक्ष्मी मगर | क.अ. | | |

| | | | | |
|---|---|---|---|---|
| 7. | श्री मिङमा शेर्पा | पञ्जिकरण शाखा प्रमुख | | |
| 8. | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. ०१, अघिल्लो वैठक समिक्षा सम्वन्धमा ।**

**निर्णय नं. ०१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँकार्यपालिकाको मिति २०८० वैसाख २५ गते वसेको वैठक निर्णय बारेमा समिक्षा गरियो ।

**प्रस्ताव नं. ०२, गाउँपालिका क्षेत्र भित्रको गोलिया निकासी सम्वन्धमा ।**

**निर्णय नं. ०२,** प्रस्ताव नं. ०२ माथी छलफल गर्दा यस कार्यालयले मिति २०८० जेष्ठ ०९ गते बाट मिति २०८० असोज ०१ गते सम्म गाउँपालिका भित्रको गोलिया निकासी ढुवानी तथा ओसारपसार नगर्न/नगराउनु हुन साथै कसैले ढुवानी, ओसारपसार गरेको पाइएमा गोलिया काठहरु प्रहरी चौकी तथा वडा कार्यालयलको रोहवरमा जफत गरी पालिकाले विक्री वितरण गर्ने साथै उक्त गोलिया वरावरको रकम मध्येवाट ७५% रकम गाउँपालिकाको राजश्वमा जम्मा गर्ने र २५% रकम जफत गर्ने संस्थाको नाममा जम्मा हुने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०३, राहत रकम सम्वन्धमा ।**

**निर्णय नं. ०३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा तपशिल बमोजिमको घरमा आगलागी, पहिरो, हावाहुरीवाट सामान्य, आंसिक तथा पुर्ण क्षती भएकोले क्षतीको प्रकृति हेरी विपद कोषवाट राहत रकम दिने निर्णय पारित गरियो ।

तपशिलः

| क्र.सं. | नाम | ठेगाना | क्षतीको प्रकृती | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | गजेन्द्र वराल | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| २. | आशिस लिम्वु | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| ३. | नारायण अधिकारी | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| ४. | चन्द्र विर लिम्वु | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| ५. | जय प्रसाद खड्का | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| ६. | जिडरी लिम्वु | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| ७. | मिङमा शेर्पा | वडा नं. ५ | पुर्ण | १००००० | आगलागी |
| ८. | विर वहादुर लिम्वु | वडा नं. ५ | आंशिक | ५०००० | पहिरो |
| ९. | सोनाम शेर्पा | वडा नं. ५ | आंशिक | ५०००० | पहिरो |
| १०. | लाक्पा शेर्पा | वडा नं. ३ | आंशिक | ५०००० | वाडीपहिरो |
| ११. | ४ नं. वडा कार्यालय | वडा नं. ४ | पुर्ण | १००००० | |
| १२. | खोक्लिङ स्वास्थ्य चौकी | वडा नं. १ | सामान्य | २५००० | हावाहुरी |
| १३. | जनमुखी आ.वि. | वडा नं. ३ | | ३०००० | वाडीपहिरो |

**प्रस्ताव नं. ०४. अस्थायी प्रहरी चौकीको छाना निर्माण सम्बन्धमा।**

**निर्णय नं. ०४.** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ०१ मा रहेको अस्थायी प्रहरी चौकीको छाना मिति २०८० जेष्ठ ०६ गतेको हावाहुरीले उडाएको हुँदा बस्नको लागि समस्या भएकोले उक्त प्रहरी चौकीको छाना यसै आ.व.मा निर्माण गरी प्राविधिक स्टिमेट बमोजिम रकम आगामी आ.व. २०८०/८१ मा भुक्तानी गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ०५, प्रगती प्रतिवेदन तयार पार्ने सम्बन्धमा ।**

**निर्णय नं. ०५,** प्रस्ताव नं. ०५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको कार्यालयमा रहेको सम्पुर्ण शाखाहरुले चालु आ.व. मा आफ्नो शाखाबाट भएको हालसम्मको सम्पुर्ण कार्य प्रगतीको प्रतिवेदन मिति २०८० जेष्ठ २४ गते भित्र तयार गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष बुझाउनु पर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०६, चालु आ.व. को वित्तिय समानिकरणको रकम सम्बन्धमा ।**

**निर्णय नं. ०६,** प्रस्ताव नं. ०६ माथि छलफल गर्दा चालु आ.व. २०७९/८० मा संघीय सरकार अनुदान वित्तिय समानीकरण रकमको अन्तिम किस्ताको ५०% रकम (१ करोड ४० लाख) निकासा नहुने भएको हुँदा निम्न बमोजिमको योजनाहरु आगामी आ.व. २०८०/८१ को बजेट बाट भुक्तानी हुने तथा आर्थिक दायित्व समेत अनिवार्य व्यहोर्ने निर्णय पारित गरियो ।

निम्नः

| क्र.सं. | योजना/कार्यक्रमको नाम | रकम | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | मोती मा.वि. भवन HPF साझेदारी | २०००००० | ०१ | पालिकाबाट विनियोजित |
| २ | एम्बुलेन्स खरिद | ५००००० | ०१ | वडाबाट विनियोजित |
| ३ | सेसेलुङ चिस्यान केन्द्र स्थापना | ३००००० | ०१ | वडाबाट विनियोजित |
| ४ | वैराखु सामुदायिक भवन मर्मत | १००००० | ०२ | वडाबाट विनियोजित |
| ५ | कोप्याखोला लोरेन्देन कुलो मर्मत | ५०००० | ०२ | वडाबाट विनियोजित |
| ६ | हाङगुडे शिरशिरे कुलो मर्मत | १००००० | ०२ | वडाबाट विनियोजित |
| ७ | थुम्वा लोरेन्देन वैराखु धुसेनी ओझागाउँ सम्म मोटरबाटो स्तरउन्नती | ७२५००० | ०२ | वडाबाट विनियोजित |
| ८ | आधुनिक आरान भट्टी खरिद | २५००० | ०२ | वडाबाट विनियोजित |
| ९ | हाँडीखोला लघु जलविद्युत आयोजना | १००००० | ०३ | वडाबाट विनियोजित |
| १० | लेमलेम देखि स्वास्थ्य चौकी सम्म मोटरबाटो मर्मत | ३००००० | ०३ | वडाबाट विनियोजित |
| ११ | योक्मा काँडे मोटरबाटो निर्माण | १०००००० | ०३ | वडाबाट विनियोजित |
| १२ | तमु छ्योज्दी गुम्वा निर्माण | १५०००० | ०४ | वडाबाट विनियोजित |
| १३ | प्रगतिशिल समुह सार्वजनिक शौचालय निर्माण | ५००००० | ०४ | वडाबाट विनियोजित |
| १४ | टोलबाटो सुधार तथा झोडी सफाई कार्यक्रम | १५०००० | ०५ | वडाबाट विनियोजित |
| १५ | ईन्डियन तेल मिल खरिद ढुवानी समेत | १५०००० | ०५ | वडाबाट विनियोजित |

| | | | | |
|---|---|---|---|---|
| १६ | टेलिफोन टावर विजुली व्यवस्थापन | २०००००० | ०४ | पालिका स्तरिय |
| १७ | साविक पापुङ ६ र ७ भैसी अनुदान | १५००००० | ०५ | पालिका स्तरिय |
| १८ | बालमैत्री खेल सामाग्री व्यवस्थापन | ४००००० | | पालिका स्तरिय |
| १९ | ताङखु मिक्लादेन सडक | १६९१७१३ | ०५ | पालिका स्तरिय |

**प्रस्ताव नं. ०७, सोनेम बाल विकास केन्द्रलाई आ.वि. मा रुपान्तरण गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ०७,** प्रस्ताव नं. ०७ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ०४ साँवामा संचालनमा रहेको सोनेम बाल विकास केन्द्रलाई सोनेम आ.वि. (१-३) अनुमति दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०८, जिल्ला ब्याडमिन्टन संघको निवेदन सम्वन्धमा ।**

**निर्णय नं. ०८,** प्रस्ताव नं. ०८ माथी छलफल गर्दा ताप्लेजुङ जिल्ला ब्याडमिन्टन संघको आयोजनामा मिति २०८० जेष्ठ ३२ देखि आषाढ ०२ गतेसम्म संचालन हुने कोशी प्रदेश स्तरीय तेश्रो मेयर कप ब्याडमिन्टन प्रतियोगिताको लागि जिल्ला ब्याडमिन्टन संघले पेश गरेको परियोजना प्रस्तावना र निवेदनको आधारमा विविध शिर्षकबाट रु. ३०,०००।– (अक्षरेपी तिस हजार रुपैया) सहयोग स्वरुप उपलब्ध गराउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०९, अपाङ्गता परिचय पत्र वितरण समिति गठन सम्वन्धमा ।**

**निर्णय नं. ०९,** प्रस्ताव नं. ०९ माथी छलफल गर्दा अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७९ बमोजिम अपाङ्गता परिचय पत्र वितरण समिति निम्न अनुसार गठन गर्ने निर्णय पारित गरियो ।

निम्नः

१. श्री डण्डु लामा शेर्पा — संयोजक (उपाध्यक्ष)
२. श्री संगीता लिम्बु — सदस्य (वडा सदस्य)
३. श्री केशव शरण अधिकारी — सदस्य (शिक्षा शाखा प्रमुख)
४. श्री ललित नारायण यादव — सदस्य (प्रमुख प्रशासकीय अधिकृत)
५. श्री पर्शुराम राई — सदस्य (स्थानीय प्रहरी कार्यालयको प्रमुख)
६. श्री ...................... — सदस्य (अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट गाउँ पालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधि)
७. श्री विनोद लिम्बु — सदस्य (अपाङ्गता)
८. श्री मान बहादुर पालुङवा — सदस्य (अपाङ्गता)
९. श्री ............. — महिला सदस्य (अपाङ्गता)
१०. श्री मिङमा शेर्पा — सदस्य (कर्मचारी)
११. श्री प्रशासन शाखा प्रमुख — सदस्य

**प्रस्ताव नं. १०, बालमैत्री स्थानीय शासन समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. १०,** प्रस्ताव नं. १० माथी छलफल गर्दा बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७४ बमोजिम बालमैत्री स्थानीय शासन समिति निम्न अनुसार गठन गर्ने निर्णय पारित गरियो ।

निम्नः

| | |
|---|---|
| १. श्री भक्त बहादुर कार्की | संयोजक (अध्यक्ष) |
| २. श्री डण्डु लामा शेर्पा | सदस्य (उपाध्यक्ष) |
| ३. श्री शोभा दाहाल | सदस्य (स्वास्थ्य शाखा प्रमुख) |
| ४. श्री केशव शरण अधिकारी | सदस्य (शिक्षा शाखा प्रमुख) |
| ५. श्री डिकमाया वस्नेत | सदस्य (महिला विकास शाखा) |
| ६. श्री ...... | सदस्य (गैसस प्रतिनिधि) |
| ७. श्री सदन कुमार साँवा | सदस्य (गाउँपालिकाको मनोनयन प्रतिनिधि) |
| ८. श्री पुष्पा गुरुङ | सदस्य (महिला स्वास्थ्य स्वयंसेविका) |
| ९. श्री .............. | सदस्य (बाल संजालका प्रतिनिधि) |
| १०.श्री घनेन्द्र थापा | सदस्य |
| ११.श्री ललित नारायण यादव | सदस्य-सचिव |

**प्रस्ताव नं. ११, बाल संरक्षण समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथी छलफल गर्दा बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि २०७४ बमोजिम बाल संरक्षण समिति निम्न अनुसार गर्ने निर्णय पारित गरियो ।

निम्नः

| | |
|---|---|
| १. श्री डण्डु लामा शेर्पा | संयोजक (उपाध्यक्ष) |
| २. श्री बसन्त चौधरी | सदस्य (शिक्षक) |
| ३. श्री आइसा थलङ | सदस्य (महिला स्वास्थ्य कार्यकर्ता) |
| ४. श्री .......... | सदस्य (गैसस प्रितिनिधि) |
| ५. श्री झरेन्द्र थापा | सदस्य (शिक्षा समिति) |
| ६. श्री .............. | सदस्य (बालक्लव) |
| ७. श्री सलिना बराईली | सदस्य (दलित) |
| ८. श्री फुपुलामु शेर्पा | सदस्य (आदिवासी) |
| ९. श्री मनकुमारी भुजेल | सदस्य (जनजाती) |
| १०.श्री पर्शुराम राई | सदस्य (प्रहरी प्रमुख) |
| ११.श्री मिङमा शेर्पा | सदस्य-सचिव (बालबालिका डेक्स हेर्ने) |

**प्रस्ताव नं. १२, कार्यविधि पास सम्बन्धमा ।**

**निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि छलफल गर्दा निम्न बमोजिमको कार्यविधि पास गर्ने निर्णय पारित गरियो ।

निम्नः

क. कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि २०८० ।

ख. बजेट तथा कार्यक्रम तर्जुमा समिति कार्यसंचालन कार्यविधि २०८० ।

ग. विपद राहत कोष संचालन सम्बन्धी कार्यविधि २०८० ।

**प्रस्ताव नं. १३, ल.ज.वि. मर्मतको रकम भुक्तानी सम्वन्धमा ।**

**निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिक्वाखोला-०४ मा रहेको थुङलुङ खोला ल.ज.वि., गोधुमा ल.ज.वि., पावाखोला ल.ज.वि. र हाँडीखोला ल.ज.वि. मर्मतको लागि मिति २०७९ आषाढ ०८ गते कृष्ण गृल एण्ड ईन्जिनियरिङ वर्क्स प्रा.लि., विराटनगर र मिक्वाखोला गाउँपालिकाको कार्यालय संग भएको सम्झौता वमोजिमको रकम विविध वा पालिका कोषबाट भुक्तानी दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १४, सचेत गराउने सम्वन्धमा ।**

**निर्णय नं. १४,** प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ४ मा निर्माणाधिन प्रमुख प्रशासकीय भवनको लागि प्रयोग भएका निर्माण सामाग्रीहरु गिट्टि र वालुवा गुणस्तरहीन भएको स्थलगत अनुगमन बाट देखिएकाले निर्माण व्यवसायी स्वामिनारायण आशिष, स्वामिनारायण योगेश्वर जे.भी. लाई गुणस्तर सुधार गर्न सचेत गराउँदै निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. १५, सचेत गराउने सम्वन्धमा ।**

**निर्णय नं. १५,** प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. ३ लिवाङमा निर्माणाधीन लिवाङ स्वास्थ्य चौकी भवन निर्माण, निर्माण व्यवसायी सुनकोशी निर्माण सेवा (चरिकोट, दोलखा) ले सम्झौता वमोजिम निर्धारित समयमा र त्यसपश्चात थप गरिएको समयमा समेत काम नसकेको हुँदा सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम विलम्व शुल्क हर्जना स्वरुप लगाउने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. १६, निर्माण कार्य सुचारु गर्ने सम्वन्धमा ।**

**निर्णय नं. १६,** प्रस्ताव नं. १६ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. २ थापागाउँमा निर्माणाधिन वडा कार्यालय भवनको काम केही दिन अगाडि वाट अवरुद्ध भएको कारण सम्झौता वमोजिम निर्धारित समयमा सम्पन्न हुने नदेखिएकाले अनुगमन समितिको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा समन्वय गरी कार्य सूचारु गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**प्रस्ताव नं. १७, स्थानीय तह "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सेवा केन्द्र" मा रहने कर्मचारी तोक्ने सम्वन्धमा ।**

**निर्णय नं. १७,** प्रस्ताव नं. १७ माथि छलफल गर्दा निम्न वमोजिम "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सेवा केन्द्र" मा रहने कर्मचारी तोक्ने निर्णय पारित गरियो ।

<u>निम्नः</u>

| | |
|---|---|
| क. श्री ललित नारायण यादव | सेवा केन्द्र प्रमुख (छैटौं) |
| ख. श्री लक्ष्मी मगर | लगत प्रविष्टिकर्ता |

**प्रस्ताव नं. १८, योजना सम्झौता सम्वन्धमा ।**

**निर्णय नं. १८,** प्रस्ताव नं. १८ माथि छलफल गर्दा चालु आ.व. २०७९/८० मा विनियोजित योजनाहरुमा सूचना तथा सम्झौता भईसकेको वाहेक बाँकी योजना सम्झौता बन्द गरी उक्त योजना आ.व. २०८०/८१ को वजेटवाट सम्वोधन गरी कार्यन्वयन गर्ने गराउने निर्णय पारित गरियो ।

*<u>आजको बैठक यहि अन्त्य गरियो ।</u>*